**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सो को नियमावलीको नियम ३ बमोजिमको त्रैमासिक विवरण (कार्तिक–पौष) २०७७**

कार्यालय : **करदाता सेवा कार्यालय, ओखलढुंगा**

आ.व. २०७७।०७८ (२०७७ कार्तिक देखि २०७७ पौष सम्म)

<table>
<tr><th>क्र.सं.</th><th>विषय</th><th>विवरण</th></tr>
<tr><td>१</td><td>निकायको स्वरूप र प्रकृति</td><td>१. पृष्ठभूमि कर : कर प्रणालीलाई शासन व्यवस्थाको मेरूदण्डको रूपमा लिइन्छ । सुदृढ कर प्रणालीका माध्यमबाट नै राज्य प्रभावकारी ढंगले संचालन हुने, दिगो आर्थिक विकास हासिल हुने र सुशासन कायम हुन गई सेवा प्रवाह प्रभावकारी बन्न सम्भव हुन्छ । कर प्रणाली अन्तर्गत कर नीति, कर कानून, कर प्रशासन र करदाता समेटिएका हुन्छन् । समय सापेक्ष कर नीति, सरल कर कानून, इमान्दार करदाता, पारदर्शी एवं जिम्मेवार र व्यावसायिक कर प्रशासन कर प्रणाली आधार हुन् । करदाताहरूको सेवामा जोड दिई करको परिपालना लागत (Compliance Sost) घटाउने प्रमुख अभिप्रायले यस विभागले विगत लामो समय देखि सेवा प्रवाहलाई सरल तथा करदातामैत्री बनाई विद्युतीय सुशासन समेत प्रयोगमा ल्याएको छ । आफ्नो कार्यक्षेत्रसंग सम्बन्धित सेवा प्रवाह जुन आफ्नै जनशक्ति र विद्यमान संरचनाले समेट्न सकिदैन, त्यस्ता कार्यहरू निजीक्षेत्रसंगको साझेदारीमा संचालन गरिदै आइएको छ । करदातामैत्री व्यवहारको माध्यमवाट मुलुकको आन्तरिक श्रोत परिचालनमा वढोत्तरी ल्याउने प्रमुख ध्येयका साथ □स्वच्छ कर प्रशासन : विकास र सुशासन□ भन्ने मूल नारका साथ आफ्ना गतिविधिहरू सोही तर्फ परिलक्षित गरी कार्य गर्दै आएका छन्, जसले गर्दा कर कानूनको परिपालनमा सहजता आउनुका साथै कर संकलनमा उल्लेख्य वृद्धि भई □समृद्ध नेपाल, सुखी नेपाली□ भन्ने मूलध्येयलाई साकार पार्ने कार्यमा सघाउ पुग्दछ ।<br><br>१.१ दीर्घकालीन सोच (Vision) : फराकिलो, पारदर्शी र स्वच्छ कर प्रणालीको माध्यमबाट विकास प्रकृयामा टेवा पुर्याउन सक्षम संस्थाको रूपमा स्थापित हुने ।<br><br>१.२ गन्तव्य (Mission) : उपयुक्त कर नीति तथा उत्कृष्ट सेवाको माध्यमबाट कर सहभागिता सुनिश्चीत गर्ने ।<br><br>१.३ समग्र उद्देश्य (Overall Objective) : समतामुलक, प्रगतिशील, पारदर्शी र पूर्वानुमानयोग्य कर प्रणाली सुनिश्चीत गर्ने ।<br><br>१.४ विकासात्मक उद्देश्य (Development Objective) : करदाता सेवा र शिक्षाको विस्तार, आधुनिक प्रविधिको अधिकारिक मात्रामा उपयोग,<br><br>१.५ मूल्य मान्यताहरू (Values) : सदाचार, व्यवसायिकता, स्वच्छता, सम्मान, सहकार्य, नव प्रवर्द्धन</td></tr>
<tr><td>२</td><td>कार्यालयको काम, कर्तव्य र अधिकार</td><td>प्रमुख कार्यहरू (Functions) : करदाता सेवा, कर संकलन सम्बन्धी कार्य ।</td></tr>
<tr><td>३</td><td>कार्यालयमा रहने कर्मचारी संख्या</td><td>कर अधिकृत १, ना.सु. २ (२ खाली लोक सेवामा माग गरेको), डा.ई.सु. १ (१ करार) ह.स.चा. १ (खाली), का.स. १ (१ करार)</td></tr>
<tr><td>४</td><td>कार्यालयको कार्य क्षेत्र</td><td>ओखलढुंगा जिल्ला र सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका, माप्यदुधकोशी गाउँपालिका, थुलुङ दुधकोशी गाउँपालिका, नेचा सल्यान गाउँपालिका, महाकुलुङ गाउँपालिका, लिखुपिके गाउँपालिका र सोताङ गाउँपालिका रहेको छ ।</td></tr>
<tr><td>४</td><td>कार्यालयबाट प्रदान गरिने सेवाहरू</td><td>नागरिक वडापत्रमा भए बमोजिम ।</td></tr>
<tr><td>५</td><td>सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी</td><td>करदाता सेवा शाखा र कार्यालय प्रमुख</td></tr>
<tr><td>६</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td>सेवाग्राहीले प्राप्त गर्ने सेवाको सन्दर्भमा लाग्ने समय, लागत र जिम्मेवार अधिकृत तोकी नागरिक वडापत्रमा उलेख गरिएको ।</td></tr>
<tr><td>७</td><td>निर्णय गर्ने प्रक्रिया र अधिकारी</td><td>शाखागत रूपमा गरिनुपर्ने कार्य कार्यालय प्रमुखबाट निर्णय गराई कार्य सम्पादन हुने गरेको ।</td></tr>
<tr><td>८</td><td>निर्णय उपर उजुरी सुन्ने अधिकारी</td><td>कार्यालय प्रमुख</td></tr>
<tr><td>९</td><td>सम्पादन गरेको कामको विवरण</td><td><table>
<tr><th>परिसूचक</th><th>२०७७ कार्तिक</th><th>२०७७ मंसिर</th><th>२०७७ पौष</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>करदाता दर्ता BPAN</td><td>७५</td><td>१६१</td><td>१६०</td><td>३९६</td><td></td></tr>
<tr><td>करदाता दर्ता PPAN</td><td>८१</td><td>७५</td><td>१०५</td><td>२६१</td><td></td></tr>
<tr><td colspan="6">साथै कर चुक्ता प्रदान, आय विवरण प्राप्त, राय प्रतिक्रिया, कारोबार थप घट लगायतका कार्य सम्पादन भएको ।</td></tr>
</table></td></tr>
<tr><td>१०</td><td>सूचना अधिकारी र प्रमुखको नाम र पद</td><td>सूचना अधिकारी डा.ई.सु. सचिन देव भ□राई</td></tr>
<tr><td>११</td><td>सर्वजनिक निकायको वेभसाईट भए सोको विवरण</td><td>www.ird.gov.np/branch/tso-okhaldhunga</td></tr>
<tr><td>१२</td><td>कार्यालयले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन</td><td><table>
<tr><th colspan="6">आ.व. २०७७।७८ को राजस्वको प्रगति विवरण (रू हजारमा)</th></tr>
<tr><th>Group</th><th>२०७७ कार्तिक</th><th>२०७७ मंसिर</th><th>२०७७ पौष</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>Income Tax</td><td>५५२६</td><td>५०२६</td><td>१२०४५</td><td>२२५९७</td><td rowspan="7">यस कार्यालयका करदाताले आन्तरिक राजस्व कार्यालय, लहानको कार्यालयको कोड मा राजस्व रकम दाखिला गर्ने गरकोले राजस्व संकलन अरू बढने छ ।</td></tr>
<tr><td>House Rent Tax</td><td>२१४</td><td>२३४</td><td>५५८</td><td>१००६</td></tr>
<tr><td>Interest</td><td>४</td><td>१०५</td><td>१३३</td><td>२४२</td></tr>
<tr><td>VAT (Internal)</td><td>२५२</td><td>५६९</td><td>२३०३</td><td>३१२४</td></tr>
<tr><td>Excise (Internal)</td><td>१८</td><td>२२५</td><td>६१</td><td>३०४</td></tr>
<tr><td>Education</td><td>०</td><td>१३</td><td>०</td><td>१३</td></tr>
<tr><td>Total</td><td>६०१४</td><td>६१७२</td><td>१५१००</td><td>२७२८६</td></tr>
</table></td></tr>
<tr><td>१३</td><td>अन्य सेवा सुविधा</td><td>करदातालाई प्रतिक्षालय, Free WiFi, चिसो□तातो पानीको व्यवस्था समेत भएको ।</td></tr>
</table>